का.जि.प्र.का.द.नं. १००/०५९/६०

❐ वर्ष १८, अंक ८६
❐ ३१ बैशाख २०७७, बुधबार
❐ 13 May 2020, Wednesday
www.madhyanhadaily.com
पृष्ठ ४ मूल्य रु. ५/-

मध्यान्ह
Madhyanha National Daily
राष्ट्रिय दैनिक

अपडेटः मंगलबार साँझसम्म

	संक्रमित	निको भएको	परिक्षण गरिएको	आइसोलेसनमा
नेपालमा	१९१ जना	३३ जना	१८९६४	२२८

	संक्रमित	निको भएको	मृत्यु भएको	उपचारत
विश्वभर	४२ लाख ९२ हजार	१५ लाख ४५ हजार	२ लाख ८८ हजार	२४ लाख ५८ हजार

पत्रकार र नर्स पनि संक्रमित

- बिहीबार अहिलेसम्मकै उच्च संक्रमण
- अति जोखिम रहेका जिल्लाहरुमा सिलबन्दी

तराईका जिल्लाहरू पर्सा, कपिलवस्तु, बाँके, उदयपुर, रूपन्देही कोभिड-१९ को उच्च जोखिममा देखिएको छ । पर्सामा दुई पत्रकार र रूपन्देहीमा नर्समै संक्रमण देखिएको छ ।

विराटनगर प्रवेशद्वार क्षेत्रमा बन्दाबन्दीको समयमा मङ्गलबार सवारी साधन सञ्चालन गरेकोमा आवश्यक कागजात जाँच गर्दै सुरक्षाकर्मी । तस्वीरः मनोज दाहाल

मध्यान्ह संवाददाता
काठमाडौं, ३० वैशाख ।

पर्सामा दुई पत्रकार सहित ३९ जनामा कोभिड-१९ को संक्रमण देखिएको छ । भारतबाट फर्किएर क्वारेन्टिनमा राखिएकाको प्रतिवेदन पोजिटिभ आएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ। मन्त्रालयले सार्वजनिक गरेको प्रेस नोटमा मंगलबार ५७ जना संक्रमित भेटिएको जनाइएको छ। एकै दिनमा संक्रमित भएको यो संख्या अहिलेसम्मकै उच्च हो ।

यसअघि सोमबार एकै पटक २४ जनामा सङ्क्रमण देखिएको थियो । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका सहप्रवक्ता डा. समिरकुमार अधिकारीले राष्ट्रिय प्रयोगशालामा परीक्षणका क्रममा उनीहरुको सङ्क्रमण भएको बताए । यससँगै हालसम्म सङ्क्रमितको संख्या १९१ पुगेको छ ।

विश्वव्यापी महामारीका रुपमा फैलिएको कोभिड-१९ बाट मंगलबार रुपन्देहीमा नौ, पर्सामा ३९, कपिलवस्तुमा आठ र बारा जिल्लामा एकजनामा सङ्क्रमण देखिएको हो । यसअघि सोमबार १३४ जना सङ्क्रमित भेटिएका थिए । सहप्रवक्ता डा. अधिकारीका अनुसार, सबै संक्रमितको स्वास्थ्य अवस्था सामान्य रहेको छ । नेपालमा पहिलो पटक चीनको वुहान शहरबाट आएका एक विद्यार्थीमा माघ ९ गते संक्रमण देखिएको थियो । अहिलेसम्म ३३ जना कोभिड-१९ का सङ्क्रमित निको भई घर फर्किसकेका छन् ।

सहप्रवक्ता डा अधिकारीले भारतबाट आउने क्रम बढेसँगै शङ्कास्पद व्यक्तिलाई परीक्षण गर्दा यति धेरैको सङ्ख्यामा सङ्क्रमित पहिलोपटक सङ्क्रमित भेटिएको बताए । "पहिलाभन्दा अहिले भारतबाट मानिस पनि आवतजावत गरिरहेका छन्" उनले भने, "क्वारेन्टाइनमा बसेकालाई पनि हामीले बढी परीक्षण गरिरहेको हुनाले सङ्क्रमति फेला परेका हुन् ।"

धमाधम सङ्क्रमित भेटिरहेकाले निगरानी बढाउन आवश्यक रहेको बताए। मन्त्रालयले अहिले दैनिक एक हजारमा पिसिआर र करिब दुई हजारमा आरडिटी परीक्षण गरिरहेको छ। मुलुकभरि पिसिआर १९ ठाउँमा र आरडिटी ७७ जिल्लामा भइरहेको छ ।

कपिलवस्तुमा स्वास्थ्यकर्मीलाई समेत संक्रमण देखिएको छ । जिल्ला अस्पताल तौलिहवामा कार्यरत स्टार्फ नर्सलाई संक्रमण भएको पुष्टि भएको छ। २५ वर्षीया नर्सलाई संक्रमण देखिएको हो। तर, संक्रमण कसरी भयो भन्नेबारे खुलाइएको छैन।

लकडाउनमा कडाइ

सोमबार र मंगलबार ठूलो संख्यामा संक्रमण देखिएपछि सरकारले लकडाउनमा थप कडाइ गर्ने भएको छ । आइतबार देखि केही खुकुलो गरिएको लकडाउन फेरि बिहीबार देखि कडाइ गर्ने सरकारले निर्णय गरेको छ । गृहमन्त्रालयले सूचना जारी गर्दै एक जिल्लाबाट अर्को जिल्लामा जान समेत रोक लगाइएको छ ।

मन्त्रालयले बिहीबार देखि लागू हुनेगरी यस्तो निर्णय गरेको हो। कर्मचारी, बैंक तथा वित्तीय संस्था, उद्योग, निर्माण सेवा लगायत सम्बद्ध व्यक्तिलाई पनि पास अनिवार्य गरिएको छ। सम्बन्धित कार्यालयको कार्ड देखाएर हिड्न दिइएको थियो। तर, अब पास अनिवार्य गरिएको छ।

सरकारले सञ्चारकर्मीलाई पनि अनुगमन गर्ने भएको छ । सूचना विभागले दिएको परिचयपत्रको आधारमा सञ्चारकर्मीहरुलाई आवात-जावात गर्न दिने निर्णय भएको छ।

बागमती प्रवेश रोक

प्रदेश दुई हुँदै वाग्मती प्रदेश प्रवेश गर्ने पूर्वपश्चिम राजमार्गको चुरियामाई नाका बिहीबार देखि बन्द गरिने भएको छ । प्रदेशसँग जोडिएका जिल्लामा कोरोना सङ्क्रमण फैलिएपछि मकवानपुरको कमाण्ड पोष्टले चुरियामाई हुँदै हेटौंडा आवतजावत बन्द गर्ने निर्णय गरेको हो ।

देशमा कोरोना संक्रमितहरुको संख्या बढ्दै गएपछि र छिमेकी जिल्लाहरुमा समेत कोरोनाको सङ्क्रमण फैलिएपछि मकवानपुरका जिल्ला समन्वय समितिका प्रमुख रघुनाथ खुलालको अग्रसरतामा सरोकारवालाहरुको विशेष बैठक बसेको थियो । बैठकपछि जिल्ला कमाण्ड पोष्टमार्फत लकडाउनलाई समेत कडा बनाउने निर्णय भएको प्रमुख खुलालले जानकारी दिनुभयो। कमाण्ड पोष्टको आजको बैठकले अन्य जिल्लाबाट मकवानपुर प्रवेश गर्ने नाकाहरुमा समेत कडाइ गर्ने निर्णय गरेको छ। बैठकले खाद्यान्न तथा ग्यास पसल बिहान ९ बजेसम्म, औषधि तथा भेटेरिनरी एवं मलबीउ जस्ता कृषि पसललाई दिनभरि खोल्न दिने निर्णय गरेको छ।

भारतबाट आएकामा संक्रमण

शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालका निर्देशक डा सागरराज भण्डारीले भारतबाट आउने मानिसहरुमा परीक्षण गर्दा सङ्क्रमण देखिएको बताए । उनले सम्भावित मानिसको कन्ट्र्याक ट्रेसिङ गर्दा सङ्क्रमित बढेको बताए ।

अस्पतालका निर्देशक डा राजभण्डारीले भारतबाट आएका सम्भावित सङ्क्रमित सबैको पिसिआरबाट परीक्षण गर्नुपर्ने बताए। मंगलबार संक्रमण देखिएको ५७ जना देखिएकामा कपिलवस्तुका आठ, पर्साका ३९, रुपन्देहीका नौ र बाराका एक जना रहेका छन् ।

प्रवक्ता डा देवकोटाका अनुसार ती नयाँ सङ्क्रमितको उपचारका लागि अस्पताल लगिएको छ। अहिलेसम्म वीरगञ्जमा २७,

बाँकी पृष्ठ २ मा

सडक खनेको थाहा थिएनः प्रधानमन्त्री

मन्त्रिपरिषद बैठकमा प्रधानमन्त्री केपी शर्मा ओलीले भारतले नेपाली भूमि अतिक्रमण गरी सडक बनाइरहेको बारे आफूलाई जानकारी नभएको बताएका छन् ।

मध्यान्ह संवाददाता
काठमाडौं, ३० वैशाख ।

गएको शुक्रबार प्रतिनिधिसभाको बैठकलाई सम्बोधन गर्दै परराष्ट्रमन्त्री प्रदीपकुमार ज्ञवालीले भारतले लिपुलेक अतिक्रमणबारे थाहा भएको बताएका थिए । तर, मंगलबार बसेको मन्त्रिपरिषद बैठकमा प्रधानमन्त्री केपी शर्मा ओलीले यसबारे आफूलाई जानकारी नभएको बताएका छन् । बैठक स्रोतका अनुसार, प्रधानमन्त्री ओलीले लिपुलेक अतिक्रमण गरी सडक बनाएको भन्नेबारे जानकारी नभएको बताएका हुन् ।

सडक उद्घाटन भएपछि मात्रै अतिक्रमणबारे जानकारी भएको प्रधानमन्त्री ओलीले बताएका थिए । "लिपुलेक र कालापानीमा भारतले सडक खन्दैछ भन्ने थाहा थिएन । सिडिओले रिपोर्टिङ गरेका थिए भन्ने पत्रपत्रिका पढेर थाहा पाएँ", बैठकमा प्रधानमन्त्री ओलीले भनेका थिए ।

बैठकमा परराष्ट्रमन्त्री ज्ञवालीले अतिक्रमित भूमि फिर्ता गराउन भइरहेको प्रक्रियाबारे जानकारी दिएका थिए । मन्त्री ज्ञवालीले भारतीय राजदूत विनयमोहन क्वात्रासँग भेटवार्ता गरी अतिक्रमित

बाँकी पृष्ठ २ मा

संकट टार्ने प्रयास

लिपुलेक अतिक्रमण, महामारी रोकथाम र आन्तरिक विवाद एजेण्डा

मध्यान्ह संवाददाता
काठमाडौं, ३० वैशाख ।

सत्तारुढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) ले स्थायी कमिटी बैठक बोलाएको छ। स्थायी कमिटी सदस्यहरुलाई टेलिफोन र इमेल गरी बैठकको जानकारी गराइएको हो। बैठक बिहान ११ बजे राखिएको छ । नेकपाको यो स्थायी कमिटी बैठकलाई निकै महत्वका साथ हेरिएको छ ।

शीर्ष नेताहरुबीच सहमति जुट्न नसक्दा २५ वैशाखमै बोलाइएको स्थायी कमिटी बैठक अनिश्चित बनेको थियो । २४ वैशाख दिउँसो बसेको सचिवालय बैठकबाट प्रधानमन्त्री एवम् अध्यक्ष केपी शर्मा ओली उठेर हिडेपछि स्थायी कमिटी बैठक अनिश्चित बनेको थियो । अध्यक्ष पुष्पकमल दाहाल र बरिष्ठ नेता माधवकुमार नेपाल पक्षका स्थायी कमिटी सदस्यहरुले बैठक माग गर्दै आएका छन्। तर, प्रधानमन्त्री ओली पक्षधर बैठकको औचित्य नरहेको अडान राख्दै आएका थिए ।

यसपछि अध्यक्ष दाहाल र प्रधानमन्त्री ओली बीच केही पटक भेटवार्ता भयो । त्यसै आधारमा स्थायी कमिटी बैठक बोलाइएको छ । प्रचण्ड र नेता नेपाल पक्षका निकटका २० जना स्थायी कमिटी सदस्यहरुले १० वैशाखमा लिखित रुपमै स्थायी कमिटी बोलाउन लिखित माग गरेका थिए भने २५ वैशाखमा फेरि भेला भएर बैठकको माग गरेका थिए ।

अध्यादेश प्रकरण पछाडि प्रधानमन्त्री र अध्यक्ष

बाँकी पृष्ठ २ मा

COVID-19 NOVEL CORONA VIRUS (nCOV)

जनहितका लागि जारी जनचेतनामूलक सन्देश

नोबेल कोरोना भाइरस (Covid-19) का मूख्य लक्षणहरु

- ज्वरो (१००.४° F भन्दा माथि)
- श्वासप्रश्वासमा अत्याधिक समस्या
- रुघा र खोकी

नोबेल कोरोना भाइरस प्रभावित देशहरूबाट आउने मानिसहरूमा दुई हप्ताभित्र रुघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी/टाउको दुखेमा, श्वासप्रश्वासमा अत्याधिक समस्या भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने ।

कसरी आफू बच्ने र अरुलाई बचाउने ?

- नियमित रूपमा साबुन पानीले हात धुने ।
- खोक्दा र हाछ्युँ गर्दा नाक र मुख छोप्ने ।
- फ्लू जस्तो लक्षण (Flu-like symptoms) देखिएमा चिकित्सकसँग परामर्श लिने ।
- फ्लू जस्तो लक्षण देखिने जो कोहीको सम्पर्कबाट टाढा रहने ।
- जङ्गली तथा घरपालुवा पशुपन्छीसँगको असुरक्षित सम्पर्कबाट टाढा रहने ।
- पशुजन्य मासु, दुध तथा अण्डा राम्रोसँग पकाएर खाने ।

मध्यान्ह
Madhyanha National Daily
राष्ट्रिय दैनिक

कार्यालय
बागबजार, काठमाडौं
फोन नं. ०१-४२२६३६६

विदेशमै दाहसंस्कार वापत सान्त्वना स्वरुप ५० हजार दिइने

पीडित परिवारहरुको भने असन्तुष्टि

मध्यान्ह संवाददाता
काठमाडौं, ३० बैशाख

विदेशमा नै दाहसंस्कार गर्न सहमति जनाए मृतक कामदारका आश्रीत परिवारलाई सान्त्वना स्वरुप ५० हजार रुपैयाँ उपलब्ध गराउने श्रम, रोजगार तथा समाजिक सुरक्षा मन्त्रालयको निर्णयप्रति मृतकका परिवारले असन्तुष्टि जनाएका छन् ।

मन्त्रालयले कोरोना भाइरसको महामारीका कारण अन्तर्राष्ट्रिय उडान बन्द भएकाले विदेशमा मृत्यु भएका कामदार हरुको शव सम्वन्धित देशमा नै अन्तिम संस्कार गर्नुपर्ने अवस्था आएको भन्दै सहमतिका लागि परिवारका सदस्यहरुलाई आह्वान गरेको थियो ।

मन्त्रालयको उक्त निर्णयप्रति मृतकका परिवारले सरकारको निर्णयले आफुहरुको पीडामाथि झन् पीडा थपेको गुनासो गरेका छन्। गत मे ६ तारिकमा कुवेतमा कपिलवस्तुका विष्णु प्रसाद न्यौपानेको मृत्यु भएको थियो । उनको शव अहिले पनि त्यहीँ रहेको छ । हाल कुवेतमै रहेकी न्यौपानेकी श्रीमती चन्द्रकला न्यौपानेले सरकारको निर्णयले पीडित परिवारमा झन् पीडा थपेको बताइन्।

उनले भनिन्, 'मलाई एक रुपैयाँ पनि चाहिँदैन, घरमा बृद्ध उमेरका सासु ससुरा, २०/२२ वर्षका छोराछोरी छन्, उहाँको शव बाबु आमाका अगाडि देखाएर अन्तिम संस्कार गर्ने धोको छ । जसरी भएपनि शव घर लैजाने प्रवन्ध गरियोस् ।'

वैदेशिक रोजगार विशेष

विदेशमा नेपालीका शव : कुन देशमा कति ?

- साउदी अरब : ३३ जना
- मलेसिया : ३० जना
- कतार २६ जना
- यूएई : २४ जना
- कुवेत : ११ जना
- दक्षिण कोरिया : २ जना
- बहराइन : १ जना
- सेसेल्स : १ जना
- साइप्रस : १ जना
- टर्की : १ जना
- ओमान : १ जना

कुवेतमा अन्य ११ जना नेपालीका शव पनि अस्पतालमै रहेको छ। हाल कुवेतमा ईलामका पूर्णमाया लोवा, देउ कुमारी कार्की, बागलुङका कृष्णदेवी राना, संखुवासभाका मानबहादुर आले, भक्तपुरकी मुना प्रजापति, दाङका जीवन पाठक, सुनसरीका राजकुमार निरौला, सर्लाहीका अमित कापर, लमजुङका आइतबहादुर गुरुङ र नुवाकोटकी सोनी तामाङको शव रहेको छ। विदेशमै दाह संस्कार गर्दा परिवारमा लामो समय मानसिक समस्या रहने भन्दै परिवारका सदस्यहरुले सरकारले जुनसुकै माध्यम अपनाएर भएपनि शव स्वदेश ल्याउने प्रवन्ध मिलाउनुपर्ने माग गरेका छन् ।

कुवतेसँगै हाल विभिन्न ११ देशमा कम्तीमा १ सय १५ नेपालीको शव विदेशी अस्पतालमा रहेको अनुमान गरिएको छ । मन्त्रालयले कोराना भाइरसको संक्रमण लामो समय रहने अवस्था देखिएकाले विदेशमा रहेका शव नेपाल ल्याउन सहज नभएको भन्दै अन्तिम संस्कारका लागि परिवारका सदस्यको सहमतिको लागि जिल्ला प्रशासन कार्यालय मार्फत सहमति पत्र पठाइदिन आग्रह गरेको छ । मन्त्रालयले विदेशमा कामदारको मृत्यु भएमा ५० हजार रुपैयाँ सान्त्वना स्वरुप दिने निर्णय अन्तर्राष्ट्रिय उडान सूचारु भएपछि पनि यथावत रहने निर्णय गरेको छ।

सरकारलाई मानव अधिकार आयोगको निर्देशन

‘सीमामा अलपत्र नेपालीको तत्काल उद्धार गर’

काठमाडौं/मस- राष्ट्रिय मानवअधिकार आयोगले नेपाल-भारत सीमानाकामा अलपत्र अवस्थामा परेका नेपाली नागरिकको तत्काल उद्धार गरी क्वारेन्टाइनमा राख्न निर्देशन दिएको छ। आयोगका सचिव वेदप्रसाद भट्टराईले मंगलबार जारी गरेको प्रेस विज्ञप्तिमा अलपत्र व्यक्तिलाई ल्याएर विश्व स्वास्थ्य संगठनको मापदण्डबमोजिम क्वारेन्टाइन तथा आइसोलेसनमा राख्न तथा निजहरुको आवश्यक स्वास्थ्य परीक्षण गराउन निर्देशन दिएको हो।

नेपालको संविधानको धारा ५२ बमोजिम आफ्ना नागरिकको मौलिक हक तथा मानवअधिकारको संरक्षण र संवर्द्धन गरी राज्यको दायित्व वहन गर्न आयोगले सरकारको ध्यानाकर्षण गराएको छ। सीमा क्षेत्रमा आइ अलपत्र परेका नागरिकको असुरक्षित अवस्थाबाट नेपालको संविधानको धारा १६ द्वारा प्रदत्त सम्मानपूर्वक बाँच्न पाउने हक, धारा १७ द्वारा प्रदत्त स्वतन्त्रताको हक र धारा १८ द्वारा प्रदत्त समानताको हकको हनन हुनुका साथै नेपाल पक्ष भएको नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी महासन्धि, १९६६ को अतिरिक्त सम्मानित सर्वोच्च अदालतहको आदेशसमेत प्रचलन हुन नसकेको देखिएको उल्लेख छ।

विश्वव्यापीरूपमा फैलिरहेको कोभिड-१९ का कारण २०७६ चैत ११ गतेदेखि देश लकडाउनको अवस्थामा रहेको सन्दर्भमा नेपाल बार एशोसिएशन, नेपाल पत्रकार महासङ्घ र गैरसरकारी संस्था महासङ्घ नेपालसँगको सहकार्यमा विभिन्न तहका समितिहरुमार्फत मानवअधिकारको अवस्था सम्बन्धमा देशव्यापीरूपमा अनुगमन गरिरहेको छ।

अनुगमनका क्रममा छिमेकी राष्ट्र भारतमा रोजगारीका लागि गएका नेपाली नागरिक भारतमा समेत लकडाउन भएपश्चात रोजगारी तथा गाँसबासको समस्या भइ स्वदेश फर्किने क्रममा नेपाल-भारत सिमानामा उनीहरुबाट कोभिड-१९ को सङ्क्रमण हुनसक्ने भन्दै सुरक्षाकर्मीले स्वदेश प्रवेशमा रोक लगाएकाले वैकल्पिक बाटोबाट नेपाल प्रवेश गरेको तथा कतिपय नागरिक सीमानाकामै असुरक्षितरूपमा रहिरहेको अवस्थाप्रति आयोगको गम्भीर ध्यानाकर्षण भएको जनाएको छ।

साथै सीमानाकामा आइ क्वारेन्टाइनमा बसेकाहरुसमेत विगत छ हप्तादेखि सीमानाकामै आलपत्र परेको अवस्था छ। यसरी वैकल्पिक बाटोबाट स्वदेश प्रवेश गरेका व्यक्तिको स्वास्थ्य परीक्षण नहुने तथा गाउँशहरमा लुकीछिपी रहने कारणबाट सङ्क्रामक रोगको जोखिम बढ्ने सम्भावना देखिएको आयोगले जनाएको छ।

मायादेवी गाउँपालिकामा राहत वितरणमा अनियमितताको आरोप

इमरान खान/मध्यान्ह
कपिलवस्तु, ३० बैशाख

कपिलवस्तु जिल्लाको मायादेवी गाउँपालिका वडा नं.२ भरवालीयामा राहत वितरणमा अनियमियता भएको पीडितहरुले आरोप लगाएका छन्। वडा नं. २ भरवालीयामा राहत वितरण गर्दा पाउनु पर्ने दैनिक ज्यालादारीमा कामगर्ने मजदुर, गरिब, असहायहरुले पाउनु पर्ने राहत नपाएको स्थानीय पीडितहरुले आरोप लगाएका हुन्। विगत डेढ महिना यताको लामो लकडाउनका कारण जिविकोपार्जनमा समस्या भएकोले उनीहरु दुःख देखाउन बाध्य भएका छन्।

राहत वितरण गर्दा जो सम्पन्न घरको रहेको र यो आफनो मान्छे हो भनी राजनैतिक पहुँचको अधारमा राहत वितरण गरेको स्थानीयबासी सोमइ प्रसाद कोहारले आरोप लगाए। उनका भनाइ अनुसार जो यस गाउँमा सम्पन्न घरका छन् या उनीहरुलाई सरकारी राहत आवश्यक पर्दैन उनीहरुलाई राहत दिइएको छ।

उक्त गाउँमा रहेका असहाय अति बिपिन्न गरिबहरुको संख्या १५ देखि २० घरपरिवार रहेकोमा उनीहरुलाई नदिकन राजनैतिक पहुँचको आधारमा आफनो मान्छे छाटी छाटी राहत वितरण गरिएको अर्का स्थानीयबासी अब्दुल मोतिमले मध्यान्हलाई बताए।

यसरी अति विपन्न, असहाय गरीब घरपरिवारलाई वितरण गर्न भनी आएको राहतमा मायादेवी गाँउपालिकाबाट उक्त पहल नभएको र राजनैतिक पहुँचका अधारमाा जो सम्पन्न घरका आफना मान्छेलाई वितरण गरेको अंजुम निसाले आरोप लगाएका छन।

भरवालीयामा कुल ५५ परिवारको कोटा रहेकोमा गरिब परिवारहरु नपाई सम्पन्न घर परिवारलाई दिएको राहत पाएका सम्पन्न घरका एक स्थानीयले बताए।

आफ्नो नाम उल्लेख नगर्ने शर्तमा उनले सित्तैमा आएकोले राहत लिएको बताए। मायादेवी गाउँपालिकामा राहत बितरणमा भएको अनियमितताबिरुद्ध जिल्ला प्रशासन कार्यालय कपिलवस्तुमा उजुरी दिँदापनि कुनै सुनुवाई नभएको स्थानीयवासीहरुले बताए।

राहत वितरणमा भएको अनियमियताबारे परेको निवेदन प्रति सम्बन्धित अधिकृतहरुबाट अध्यायन भइरहेको र त्यसको छिटो भन्दा छिटो समाधान हुने कपिलवस्तुका प्रमुख जिल्ला अधिकारी दिर्घ नरायण पौडेलले मध्यान्हलाई बताए।

सिरहामा विभत्स शव फेला

शुभ नारायण कामती/मध्यान्ह
सिरहा, ३० बैशाख

सिरहाको लहान नगरपालिकामा विभत्स अवस्थामा एक जनाको शव फेला परेको छ। लहान नगरपालिका वडा नं. १७ गोविन्दपुरका करिब ३७ वर्षिय सुस्त मनस्थिति भएका सफिद मियाँको विभत्स सव मंगलबार बिहान फेला परेको हो। मियाँको हत्या गरिएको अवस्थामा टाउको बिनाको शरीर फेला परेको हो।

मुस्लिम समुदायको रमजान चलिरहेको बेला सफिद साँझ रोजा ब्रत खोलेर राति १० बजे परिवार हरुसँगै घरमा सुतेको र विहान २ बजे ब्रत बस्न (सेहरी) खान उठेको बेला सफिद ओछ्यानमा नरहेको, शोच गर्न गएको होला भन्दै निकै बेरसम्म पनि नआएपछि खोज्दै जादा विहान करिब ५ बजे घरदेखि केहि दुरीमा रहेको पोखरी नजिक उनको शरीर फेला परेको परिवार स्रोतले जनाएको छ।

जिल्ला प्रहरी कार्यालय सिरहाको टोली, ईलाका प्रहरी कार्यालय लहानका डिएसपी सरत थापा क्षेत्री र सशस्त्र प्रहरी वेस क्याम्प लहानका डिएसपी अर्जुन प्रसाद सापकोटा नेतृत्वको टोली घटनास्थलमा पुगेर उक्त एरियालाई शिल गरि टाउको खोजी भइरहेको डिएसपी थापा क्षेत्रीले बताए।

उनले घटना जटिल भएकोले सुक्ष्म अनुसन्धानका लागि तालिम प्राप्त कुकुरसहित प्रदेश २ प्रहरीको टोलीलाई समेत बोलाइएको बताए। लकडाउन भएको ५० औं दिन चलि रहँदा लहानमा पहिलो जघन्य कर्तव्य ज्यानको घटना भएको छ। यस घटनापछि गर्दा स्थानीय त्रसित भएका छन्।

सीमा अतिक्रमण विरुद्धको प्रदर्शनमा २२ अधिकारकर्मी पक्राउ

काठमाडौं/मस- भारतले गरेको नेपाली भूमि अतिक्रमणविरुद्ध मानव अधिकार तथा शान्ति समाजले मंगलबार भारतीय दूतावास लैनचौर अघि विरोध प्रदर्शन गरेको छ।

विरोध प्रदर्शनबाट प्रहरीले अधिकारवादी नेता एवं शान्ति समाजका संस्थापक सभापति कृष्ण पहाडी, सभापति उत्तम पुडासैनी, अपिल समिति संयोजक बटुकृष्ण ढुङ्गेल, सचिव बलबहादुर गाहा मगर, कोषाध्यक्ष रामकृष्ण बराल, केन्द्रीय सदस्य गीता तिमल्सिना, अधिकारकर्मीहरु जगन्नाथ पुडासैनी, चन्द्रमणि बञ्जारा, नानीकाजी गिरी, ईश्वर पुडासैनी, अमृतजङ्ग महत, विकास थापा, भगवान पुडासैनी, रामहरि श्रेष्ठ, उमा गौतम, लक्ष्मी राना पुडासैनी, माया भट्टराई, ज्ञानहरि ढुङ्गाना, सुरज बोहरा, हरिचन्द्र पुडासैनी, ललित पुन र धिरेन पुन गरी २२ जनालाई गिरफ्तार गरेको छ।

गिरफ्तार अधिकारकर्मीहरुलाई नेपाल पुलिस क्लब भृकुटीमण्डपमा राखिएको सभापति पुडासैनीले जानकारी दिए। विरोध प्रदर्शनका क्रममा सीमा अतिक्रमण अपराध हो, नेपालको सार्वभौमसत्ताको सम्मान गर, लिपुलेक सडक निर्माण तत्काल रोक, भारतीय सेना कालापानीबाट फिर्ता गर लगायत नारा लेखिएका प्लेकार्ड प्रदर्शन गरिएको थियो। समाजको दाङ शाखाले पनि भारतले गरेको सीमा अतिक्रमणको विरोधमा आज बिहान तुलसीपुरमा विरोध प्रदर्शन गरेको छ।

प्रहरी मृत अवस्थामा फेला

भिम प्रसाद शर्मा/मध्यान्ह
सुर्खेत, ३० बैशाख

सुर्खेतमा पेस्तोल र गोलीसहित भागेका एक प्रहरी जवान मृत अवस्थामा फेला परेका छन्। सोमबार राति जिल्ला प्रहरी कार्यालय सुर्खेतको मातहतमा रहेको प्रहरी चौकी आग्रीगाउँबाट भागेका प्रहरी जवान नरेन्द्र खड्का मृत अबस्थामा फेला परेका हुन्।

सादा पाशोकमा ड्युटीमा रहेका प्रहरी जवान खड्का हतियारसहित भागेपछि लकडाउनमा सुर्खेत प्रहरीलाई अर्को चुनोती थपिएको थियो। सुर्खेतस्थित चिङगाड गाउँपालिका वडा. न. २ घर भएका प्रहरी जवान खड्का आफैले लिएको हतियारले आफ्नै कन्चेटमा हानी सिम्ता गाउँपालिका वडा न ३ देउली बाङ्गेडोलमा मृत अवस्थामा फेला परेको जिल्ला प्रहरी कार्यालय सुर्खेतले बताएको छ।

उक्त घटनाका बारेमा अनुसन्धान गर्नका लागि मंगलबार बिहानै जिल्ला प्रहरी कार्यालय सुर्खेतबाट प्रहरी प्रमुखसहितको टोली घटनास्थलमा पुगिसकेको जिल्ला प्रहरी कार्यालय सुर्खेतका प्रवक्ता प्रहरी निरीक्षक गोपाल रायमाझीले मध्यान्हलाई बताए।

बेरोजगार युवा संघ र बाल सरोकार मञ्चद्वारा राहत वितरण

काठमाडौं/मस- राष्ट्रिय बेरोजगार युवा संघ र बालसरोकार मञ्च नेपालले संयुक्तरुपमा स्थानीय निकायसँग समन्वय गरी काठमाडौंको चाबहिल आसपासका क्षेत्रहरूमा विपन्नहरुलाई राहत वितरण गरेको छ। खासगरी दैनिक मजदुरी गुजरा गरेर खाने असंगठितवर्गलाई लक्षित गरेर राहत वितरण गरिएको संघले जनाएको छ।

कोरना भाइरस नियन्त्रणका लागि गरिएको लकडाउनका कारण कामविहीन बनेका र भोकभोकै बसेकाहरुलाई राष्ट्रिय बेरोजगार युवा संघका संयोजक श्रवण बस्नेतको सक्रियतामा राहत वितरणको काम भइरहेको छ। सामाजिक क्षेत्रमा क्रियाशिलति संस्थाहरुले गरेको काम उदाहरणीय रहेको छ। खासगरी बालबालिका,असक्त,असहाय,अपाङ्ग एवं श्रमिकहरुको लागि राहत संकलन गरी वितरण भइरहेको संघका अध्यक्ष बस्नेतले जानकारी दिए।

पत्रकारको तत्काल पीसीआर टेस्ट आवश्यक : महासंघ

काठमाडौं/मस- नेपाल पत्रकार महासंघले कोरोना भाइरसको महामारी बढ्दो अवस्थामा रहेकाले तत्कालन पत्रकाहरुको पीसीआर टेस्ट गर्न माग गरेको छ। महासंघका महासचिव रमेश विष्टले मंगलबार एक विज्ञप्ति जारी गर्दै कोरोना भाइरसको उच्च जोखिमका बीच अग्रभागमा रहेर नागरिकलाई सुसूचित र सचेत गराउने गहन जिम्मेवारी वहन गरिरहेको सञ्चार क्षेत्र पनि यतिखेर कोरोना भाइसरबाट प्रभावित हुन पुगेको खवरले नेपाल पत्रकार महासंघ अत्यन्त दुःखी र चिन्तित भएको उल्लेख गरेका छन्।

कोरोना भाइरस संक्रमितमध्ये कम्तिमा दुई जना पत्रकार संक्रमित हुन पुगेको र अरु पत्रकारको स्वास्थ्य परीक्षण भइरहेको छ। अहिलेको विषम परिस्थितिमा आफ्नो पेशागत धर्म निर्वाहका क्रममा संवेदनशील भई पूर्वसतर्कताका सम्पूर्ण स्वास्थ्य सुरक्षाका उपायहरु अवलम्बन गर्न सबै पत्रकारलाई महासचिव विष्टले अपिल पनि गरेका छन्।

छाङरुका लागि सेनाको हेलिकप्टरमार्फत जाँदै सशस्त्र प्रहरी

काठमाडौं/रासस- लिपुलेकमा भारतले एकतर्फी सडक बनाएर उद्घाटन गरेपछि त्यस क्षेत्रको सीमा सुरक्षाका लागि नेपाली सेनाको हेलिकप्टरमा सशस्त्र प्रहरीको टोली पठाउने तयारी गरिएको छ। गृह मन्त्रालयका अनुसार बुधबार दार्चुलाको व्यास गाउँपालिका-१ स्थित छाङरुमा सीमा निगरानी चौकी (बिओपी) स्थापनाका लागि टोली पठाउन लागिएको हो। गृह मन्त्रालयका प्रवक्ता केदारनाथ शर्माले बुधबार सशस्त्र प्रहरीको फौज पठाउन लिखितरुपमा निर्देशन दिइसकेको जानकारी दिए। उनका अनुसार दोलीलाई सेनाको हेलिकप्टरले छाङरु पुऱ्याउने छ।

चार दिन अघि भारतको पिथौरागढबाट नेपालको कालापानीस्थित गुञ्जी हुँदै चीनको मानसरोवर जाने लिपुभञ्ज्याङसम्मको सडक निर्माण गरी भारतले उद्घाटन गरेपछि यसको सर्वत्र विरोध भइरहेको छ। त्यसैले सीमा रक्षाका लागि सरकारले तत्कालै त्यस क्षेत्रमा सशस्त्रको टोली पठाउन लागेको हो।

छाङरु भारतीय सीमाबाट एक किलोमिटरको दूरीमा पर्छ भने चीनको सीमा क्षेत्र १४ किलोमिटरको दूरीमा छ। पहिलो चरणमा सीमा निगरानी चौकीमा २५ जना सशस्त्र प्रहरी खटाइने जनाइएको छ। सशस्त्र प्रहरी बल नेपाल ५० नं गुल्मका प्रमुख सशस्त्र प्रहरी नायब उपरीक्षक डम्बरबहादुर विष्टका अनुसार प्रहरी निरीक्षक मिलीबहादुर चन्दको नेतृत्वमा टोली पठाउने तयारी गरिएको छ। मंगलबार टोलीका लागि आवश्यक पर्ने बन्दोबस्तीका सामग्री तयारीमा गुल्मका टोली खटिएको उनले बताए। स्थानीय एक व्यक्तिको घर भाडामा लिएर विओपी बस्ने छ। उक्त गाउँमा १०५ घरधुरी रहेको छ।

सरकारले गत मङ्सिरमा नै यहाँ विओपी राख्ने निर्णय गरेको थियो। तत्कालीन अवस्थामा सीमा क्षेत्रमा सशस्त्र प्रहरीको १०७ विओपी थियो। मङ्सिरमा सरकारले ११४ विओपी स्थापना गर्ने निर्णय गरेको थियो। त्यसपछि जम्मा १३ स्थानमा मात्रै विओपी स्थापना भएको सशस्त्र प्रहरी बल नेपालका प्रवक्ता प्रहरी नायब महानिरीक्षक प्रविणकुमार श्रेष्ठले जानकारी दिए। उनका अनुसार सरकारी निर्णयपछि भारतको सीमा क्षेत्रमा १२ र एउटा संखुवासभाको किमाथाङ्कामा राखिसकिएको छ। तत्कालीन समयमा उत्तरी नाकामा सात र बाँकी दक्षिणी सिमानामा विओपी राख्ने निर्णय भएको थियो।

हुम्लाको हिल्सा, मुस्ताङको कोरला, दार्चुलाको छाङरु, ताप्लेजुङको ओलाङचुङगोला तथा रसुवा र सिन्धुपाल्चोकको सीमा क्षेत्रमा क्रमशः विओपी राख्ने तयारी यसअघि नै गरिएको थियो। तर, कार्यान्वयन हुन सकेको थिएन। अहिले भने भारतले सीमा अतिक्रमण गरेपछिमात्रै तातो लागेर छाङरुमा विओपी राख्न लागिएको हो।

पत्रकार....

राजविराज, भरतपुर तथा बर्दियामा एक-एक, विराटनगरमा १९, रुपन्देहीमा २८, नेपालगञ्जमा २४ गरी १०३ जनाको उपचार भइरहेको छ। अहिलेसम्म प्रदेश नं १ मा आठ हजार ६३, प्रदेश नं २ मा पाँच हजार ९३५, वाग्मती प्रदेशमा नौ हजार ३१६, गण्डकी प्रदेशमा ६ हजार ५१४, प्रदेश नं ५ मा सात हजार २२१, कर्णाली प्रदेशमा सात हजार १६३ र सुदूरपश्चिम प्रदेशमा १५ हजार ४१५ जनामा आरडिटी परीक्षण गरिएको छ।

हाल १२ हजार ७८५ जना क्वारेन्टाइनमा रहेका छन्। अहिलेसम्म २२८ जना आइसोलेशनमा रहेका छन्। प्रदेश नं १ मा आइसोलेशमा रहेकामध्ये १९ जना सङ्क्रमित र ६ जना सम्भावित रहेका छन्।

सडक....

सडकबारे गम्भीर कुराकानी भएको बताएका थिए। मन्त्री ज्ञवालीको रिपोर्टिङ पछाडि प्रधानमन्त्री ओलीले यसबारे गम्भीर बन्न निर्देशन दिएका थिए। प्रधानमन्त्री ओलीले अतिक्रमित भूमिबारे अभिव्यक्ति दिंदा गम्भीर बन्न मन्त्रीहरुलाई निर्देशन पनि दिएका छन्।

केही दिन अगाडि मात्रै भूमि सुधार मन्त्री पद्मा अर्यालले अतिक्रमण भूमि पहिलेबाटै नेपालको नरहेको अभिव्यक्ति दिएकी थिइन्। मन्त्री अर्यालको अभिव्यक्ति विवादित नै बन्न पुगेको थियो।

भूमि अतिक्रमणबारे सत्तारुढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा), प्रमुख प्रतिपक्षी दल नेपाली काँग्रेस लगायतका विद्यार्थी संगठनले दिनहुँ विरोध प्रदर्शन गर्दै आएका छन्। विपक्ष दल काँग्रेसका विद्यार्थी संगठन नेवि संघले प्रधानमन्त्री ओलीकै राजीनामा माग्दै आएका छन्।

संकट...

दुवै पदबाट ओलीलाई हटाउने तयारी भएको भन्दै स्थायी कमिटी अनिश्चित गरिएको थियो। तर, ओली इतरका नेताहरुको जोडबलमा स्थायी कमिटी राखिएको छ। बैठकमा लिपुलेक अतिक्रमण प्रमुख एजेण्डा बन्ने महासचिव विष्णुप्रसाद पौडेलले बताए। उनका अनुसार, लिपुलेक अतिक्रमण, कोभिड-१९ रोकथामको प्रयास र पार्टीभित्र उठेका प्रश्नहरुबारे छलफल हुनेछ।

ओली इतरका नेताहरुले सरकार र पार्टी सञ्चालन प्रक्रियाप्रति तीव्र असन्तुष्टि जनाउँदै आएका छन्। स्थायी कमिटी सदस्य भीम रावल र परराष्ट्रमन्त्री प्रदीपकुमार ज्ञवाली बीच संसदीय समितिमै भनाभन भएको सार्वजनिक भएको छ। सरकारको कार्यशैली प्रभावकारी नभएको उनीहरुको तर्क छ। तर, २५ वैशाखमा तोकिएको बैठक अहिले बोलाउनुमा भने लिपुलेक पछि विकसित अवस्थाका कारण संस्थापनले अनुकुल बनेको रणनीतिका रुपमा लिएको छ।

सामुह बाहिर काठ विक्रि सम्बन्धी सूचना

यस सामुदायिक वनबाट उत्पादन भई विभिन्न समुहमा ग्रेडिङ गरी घाटगद्दीमा विभिन्न ग्रेडिङमा संकलन गरिएको लट नम्बर १ साल थान ३४ को ३४०.६ क्युफिट, लट नम्बर २ को साल बल्लाबल्ली थान २५ को ८१.२ क्युफिट, लट नम्बर ३ को खोटे सल्ला थान ६९ को ९३४.६ क्युफिट, लट नम्बर ४ को खयर थान ५८० को ५२८.०० क्युफिट काठ जे जो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री समुह बाहिर गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। ईच्छुक व्यक्ति, संघ संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र शिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ। पूर्ण व्यहोराको सूचना समूहको सूचना पाटीमा टांस गरिएको छ।

श्री भगवती सामुदायीक वन उपभोक्ता समुह
रौतामाई-४, उदयपुर

दुप्चेश्वर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नुवाकोट
बाग्मती प्रदेश, नेपाल

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशन मिति : २०७७/०१/३१

यस गाउँपालिकाबाट मिति २०७६/१२/०९ मा राष्ट्रिय स्तरको दैनिक पत्रिकाहरुमा प्रकाशित सूचना बमोजिम तपशिलका ठेक्काहरुमा पेश हुन आएका बोलपत्रहरुको मूल्याङ्कनबाट न्युनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही बोलपत्र सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) को प्रयोजनार्थ बोलपत्र स्वीकृतका लागि यो सूचना प्रकाशित गरिएको छ।

तपशिल

सि. नं.	ठेक्का नं.	कामको विवरण	छनौट भएका बोलपत्रदाताको नाम र ठेगाना	कबोल अंक (भ्याट बाहेक)
१	DRM/SF/NCB/BUILDING/076/077/05	Upgrade of Samundratar Health post to Hospital, Dupcheshwor -6	दुप्चेश्वर बिल्डर्स प्रा.लि., बुद्धनगर-१०, काठमाडौ	६४,३५,५०३।९८
२	DRM/MF/NCB/BUILDING/076/077/04	Construction of Kawkeswori Techinical School Building	विकेश एण्ड आयुष निर्माण सेवा /श्रृखला निर्माण सेवा विदुर-४, नुवाकोट	१,६९,८७,६८६।००

प्रमुख प्रशासकिय अधिकृत

फिफा र आईसीसीद्वारा प्रतियोगिताको नयाँ मिति

काठमाडौं, एजेन्सी– यसै वर्ष आयोजना हुनु पर्ने महिला उमेर समूहको विश्वकप फुटबल र क्रिकेटका केही प्रतियोगिताका नयाँ मिति तय भएका छन् । कोरोना भाइरसको महामारीका कारण अहिले खेलकुद जगत ठप्प रहेका बेला यस वर्ष आयोजना हुने प्रतियोगिताका मितिहरु हेरफेर भएका हुन् ।

अन्तर्राष्ट्रिय फुटबलको सर्वोच्च निकाय फिफाले यु-१७ महिला विश्वकप फुटबलको नयाँ मिति सार्वजनिक गरेको छ ।

यसै वर्षको नोभम्बर २ देखि २१ तारिखसम्म भारतमा तय भएको यु १७ विश्वकप सन् २०२१ को फेब्रुअरी १७ देखि मार्च ७ तारिखसम्म हुने छ । कोरोना भाइरसको महामारीका कारण खेलकुद प्रतियोगिताहरु धमाधम सरिरहेका बेला फिफाले पनि यु १७ विश्वकप फुटबल पनि पर सारेको हो । भारतमा हुने यु १७ विश्वकपमा १६ टिमले भाग लिने छन् ।

आयोजकका नाताले भारतले सिधै क्वालीफायिङ गरेको छ । महिला विश्वकप भारतको कोलकता, गुवाहाटी, भुवेन्श्वर, अहमदाबाद र नयाँ मुम्बईमा हुने छ ।

यस्तै फिफाले खेलाडीको उमेरसम्बन्धी नयाँ नियम पनि जारी गरेको छ । यु-१७ महिला विश्व कपका लागि १ जनवरी २००३ देखि ३१ डिसेम्बर २००५ भन्दापहिला जन्मिएका खेलाडीले प्रतियोगितामा भाग लिन पाउने छन् ।

यस्तै कोस्टारिकामा यसै वर्ष तय भएको यु २० महिला विश्वकप पनि २०२१ को २० जनवरी देखि ६ फेब्रुअरीमा हुने छ । यो खेलमा सहभागी हुने खेलाडी सन् २००० जनवरी १ देखि ३१ डिसेम्बर २००४ को बीचमा जन्मिएका हुनु पर्ने छ । फिफा फुटसल विश्वकप लुथियानामा २०२० मा हुनु पर्नेमा यो प्रतियोगिता पनि १२ सेप्टेम्बर देखि ३ अक्टोबर २०२१ मा हुने छ ।

यसैबीच, अन्तराष्ट्रिय क्रिकेट काउन्सिल आइसीसीले सन् २०२१ को महिला विश्वकप छनोट स्थगित गरेको छ । कोरोना संक्रमण विश्वमा अझै नरोकिएकाले आइसीसीले यी दुई प्रतियोगिता स्थगित गरेको हो । यस्तै र २०२२ को यू-१९ विश्वकप छनोटको युरोपियन डिभिजन २ पनि स्थगित गरेको छ । आइसीसीले मंगलबार विज्ञेप्ति जारी गर्दै दुई वटा प्रतियोगिता स्थगित गरेको जनाएको छ । महिला विश्वकप छनोट श्रीलंकामा जुलाई तीन देखि १९ सम्म हुने तालिका रहेको थियो । जसबाट तीन देशले न्यूजिल्याण्डमा हुने विश्वकपमा स्थान बनाउने थिए ।

यसका साथै डेनमार्कमा हुने भनिएको यू-१९ विश्वकप छनोटको युरोपियन डिभिजन दुई पनि रोकिएको छ । यो छनोट प्रतियोगिता जुलाई २४ देखि ३० तारिखसम्म हुने बताइएको थियो । आइसीसीले यी प्रतियोगिताको नयाँ मिति सदस्य राष्ट्रसँग छलफल गरेर तय गर्ने बताएको छ ।

महामारीमाथिको राजनीतिक खेलवाड

रियो दी जेनेरियो, एजेन्सी-ब्राजिलका राष्ट्रपति जेयर बोल्सोनारोले कोरोनाभाइरसको त्रासलाई अतिरन्जित गरिएको निरन्तर दाबी गर्दै आएका छन् । संघीय, राज्य र स्थानीय तहका अरू अधिकारीहरूले भने कोरोनाको खतरा यथार्थपरक रहेको बताउँदै आएका छन् ।

कोरोना महामारीलाई कसरी सम्बोधन गर्ने भन्ने बारेमा ब्राजिलमा राजनीतिक तहबीच गहिरो मतान्तर छ । यस राजनीतिक तिक्तताले आम मानिसको जीवन जोखिममा पारेको छ ।

शनिबार मात्र ब्राजिलमा महामारीका कारण मृत्यु हुनेको संख्या १० हजार नाघेको छ, तर राष्ट्रपति बोल्सोनारोले मुलुकलाई लकडाउनमुक्त गराउने विषयलाई निरन्तर अघि सारेका छन् । उनले ट्वीट गर्दै भनेका छन्, 'बेरोजगारीको संख्या निरन्तर बृद्धि हुँदैछ ।'

अति दक्षिणपन्थी नेताको छवी बनाएका राष्ट्रपति बोल्सोनारोले 'के अराजकता सामुन्ने आइसकेको छ ?' भन्ने प्रश्न गर्दै कोरोनाभाइरसलाई 'सामान्य किसिमको फ्लु'सँग तुलना गरेका छन् । कतिपयको तर्क छ, कोरोनाभाइरसले 'अराजकता' सिर्जना गरिसकेको छ ।

कोरोनाभाइरसँग जुध्न घरभित्रै बस्ने विषयमा जारी गरिएको आदेशप्रति पनि राष्ट्रपति बोल्सोनारोले आलोचना गर्नु भएको छ । राष्ट्रपतिको सार्वजनिक रूपमै खुलेर आलोचना गरेको भन्दै स्वास्थ्य मन्त्री लुईज हेनरिक म्याडेटालाई पदबाट बर्खास्त गरेका थिए ।

यसैबीच, दक्षिाण अमेरिकामै ब्राजिल कोरोनाभाइरसको इपिसेन्टरका रूपमा प्रकट भएको छ । यहाँ ११ हजारभन्दा बढी व्यक्तिको मृत्यु भइसकेको छ भने डेढ लाखभन्दा बढी मानिस कोरोना संक्रमित भएका छन् ।

विज्ञहरूको भनाईमा न्यून परीक्षणको अर्थ संक्रमितको संख्या अरू बढी हुनु हो । हार्वर्ड विश्वविद्यालयका प्रोफेसर सिड्ने चालहोबले युरोपमा १९औं शताब्दीमा जर्मनीको ह्यामबर्गमा फैलिएको हैजाका कारण १० हजारभन्दा बढी मानिसको मृत्यु भएको प्रसँग उल्लेख गर्दै भने, ' ब्राजिलमा झैं स्थानीय राजनीतिक नेता र प्रभूत्वशाली आर्थिक सरोकारवालाबीचको विभाजनकै कारण ठूलो संख्यामा मानिसको ज्यान गएको थियो । यस द्वन्द्वले जर्मनीले अन्ततः झन् ठूलो आर्थिक क्षति व्यहोर्नु परेको थियो ।'

बोल्सोनारोका समर्थकहरूले हालैका साताहरूमा लकडाउनको विरोधमा शृंखलाबद्ध प्रदर्शन गरिसकेका छन् । कुनै भेलामा त स्वयं राष्ट्रपति उपस्थित भएका छन् भने, मानिसहरूसँग हात मिलाउने र कडा भाषणहरू पनि गरेका छन् । यी सभामा सबै व्यक्तिले मास्क समेत लगाउन अस्वीकार गरेका छन् ।

यी प्रदर्शनहरूमा कङ्ग्रेस (संसद) र सर्वोच्च अदालतप्रति तिखा टिप्पणीहरू गरिएका छन् । कतिपय अवस्थामा प्रदर्शनहरू हिंसात्मक हुने गरेका छन् । कतिपय प्रदर्शनकारीले पत्रकार र नर्सहरूमाथि समेत आक्रमण गर्ने गरेका छन् ।

हालै मात्र डाटाफोल्हा इस्टिच्यूटले गरेको जनमत सर्वेक्षणमा ६७ प्रतिशत ब्राजिलीहरूले भाइरसलाई नियन्त्रणमा ल्याउन घरभित्रै बस्न दिइएको आदेश उपयुक्त रहेको बताएका छन् । मुलुकको अर्थतन्त्रलाई चोट पुगे पनि लकडाउन अनिवार्य रहेको उनीहरूको भनाई छ ।

बोल्सोनारोका कतिपय समर्थक पनि यही विश्वासमा छन् । अर्को जनमत सर्वेक्षणमा बोल्सोनारोका दक्षिणपन्थी समर्थक हौं भन्ने ५६ प्रतिशतले राष्ट्रपतिको कदमप्रति समर्थन जनाएका छन् भने ४० प्रतिशतले राष्ट्रपतिको विरोध गरेका छन् ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पका मित्र बोल्सोनारोले पनि अमेरिकी राष्ट्रपतिले झैं कोरोनाभाइरसको उपचारका लागि क्लोरोक्वीनको प्रयोगलाई बढावा दिएका छन । तर ब्राजिली बैज्ञानिकहरूले उक्त औषधि कोरोना रोकथाम र उपचारमा खासै उपयोगी नरहेको बताएका छन् ।

प्रिमियर लिगका क्लबले ३४० मिलियन पाउण्ड तिर्नुपर्ने

लण्डन, एजेन्सी- कोरोना भाइरसका कारण स्थगित रहेको बेलायतको फुटबल बन्द रंगशालामा सुचारु गरिए पनि क्लवहरुलाई तीन सय ४० मिलियन पाउण्ड तिर्नु पर्ने भएको छ ।

घरेलु र अन्तराष्ट्रिय ब्रोडकास्टरलाई यति ठूलो रकम सबै क्लवले विभाजन गरेर तिर्नुपर्ने प्रिमियर लिगले बताएको छ । सोमबारको बैठकमा प्रिमियर लिगले सबै क्लवलाई जानकारी दिएको हो । लिग सुचारु भए पनि ब्रोडकास्टर्ससँग भएको सम्झौता अनुसारको तालिका नभएपछि जरिवाना स्वरुप यो रकम तिर्नुपर्ने बताइएको छ ।

यो सिजन बन्द रंगशालामा प्रतियोगिता गरिए पनि क्लवहरुलाई घाटा नै हुने हुँदा सिजन सुचार गर्नुको औचित्य नभएको क्लवको भनाई छ । तर लिग सुचारु नभए प्रिमियर लिगले सात सय ६२ मिलियन पाउण्ड घाटा व्यहोर्ने छ ।

केहि समय अगाडी स्काई स्पोर्टस र बिटी स्पोर्टसले प्रशारण बाफतको रकम फिर्ता नलिने पनि बताएका थिए । यस्तैमा प्रिमियर लिगका केहि खेलहरु युटुबलमा निःशुल्क प्रशारण हुने भन्ने पनि समाचार सार्वजनिक भएका छन् ।

प्रोजेक्ट रिस्टार्ट अन्तर्गत क्लव र आयोजक विच सोमबारबाट छलफल सुरु भएको छ । जसमा चरणबद्ध रुपमा सबै पक्षमा छलफल हुनेछ । तर प्रिमियर लिगले सम्झौतामा नभएको कुरामा यतिबेला लिग खेलाउनुपर्ने अवस्था आएकाले ठूलो घाटा ब्यहोर्ने र त्यसमा क्लवहरुले पनि क्षतिपुर्ति तिर्नुपर्ने बताएको छ ।

लापोर्टा वार्सिलोनामा पुनः अध्यक्ष बन्न इच्छुक

काठमाडौं, एजेन्सी - बार्सिलोनाका पूर्व अध्यक्ष योहान लापोर्टा फेरी क्लवको प्रमुख पदका लागि निर्वाचनमा उठ्ने तयारी गरेका छन् । सन् २०२१ मा हुने बार्सिलोना अध्यक्षको निर्वाचमा उनले दावेदारीता दिने प्रबल सम्भावना रहेको मार्काले जनाएको छ ।

सन् २००३ देखि २०१० सम्म अध्यक्ष बनेका लापोर्टा फेरी त्यहि पदमा फर्कन आतुर रहेको बताइएको छ । उनले एक टेलिभिजनसँगको अन्तरवार्तामा अध्यक्षको चुनावमा उठ्नका लागि इच्छुक भएको बताए । उनले फेरी यो पदका लागि उत्साहित भएको र बार्सिलोनाको पदमा काम गर्न पाउनेमा ढुक्क रहेको बताए । यसका साथै उनले पेप ग्वार्डियोला बार्सिलोना फर्किएमा क्लवलाई राम्रो हुने बताए ।

उनी बार्सिलोनाका लागि महत्वपुर्ण ब्यक्ति भएको र आफु अध्यक्ष भएमा उनलाई फिर्ता ल्याउने बताए ।

स्पेनिस फुटबलर्स संघका अध्यक्षले भ्रष्टाचार गरेको ठहर



काठमाडौं, एजेन्सी–स्पेनिस फुटबलर्स एसोसियसन (एएफई) का अध्यक्ष डेविड एगान्जोले भ्रष्टाचार गरेको खुलासा भएको छ । एईएफलाई एन्टोनीयो सेइज चिकाले इमेल गर्दै अधयक्ष डेविडले पब्लिक अफिसियलबाट रकम लिएको बताएका छन् । उनले सो इमेल बोर्डका १२ जना सदस्यलाई पनि फरवार्ड गरेका छन् ।

उनले पब्लिक अफिसियलबाट तीन हजार युरो घुस लिएको बताएका छन् । तर उनले ती दिने ब्यक्तिको नाम भने उल्लेख गरेका छैनन् । उनले एइफको डकुमेन्टेसनका बारेमा ट्याक्स अफिसलाई जानकारी दिनका लागि सो घुस दिएको बताएका हुन् ।

अब डेविडविरुद्ध अदालतमा मुद्दा दायर भएको छ । सबै डकुमेन्टहरु अदालतमा बुझाइने भएको छ । यसमा डिएगो रिभासपनि समावेश रहेको बताइएको छ । उनीहरुले भ्रष्टाचार गरेको थाहा पाएपछि पदबाट राजिनामाको माग भएको छ ।

थाइल्याण्डमा १० हजार नागरिक क्वारेन्टाइनमा

बैकक, एजेन्सी–छिमेकी देशहरूबाट फर्केका करिब १० हजार थाई नागरिकलाई तत्काल क्वारेन्टाइनमा राखिएको एक सरकारी अधिकारीले मंगलबार जानकारी दिएका छन् ।

थाईल्याण्डका सीमा क्षेत्रहरूमा गत अप्रिल १८ देखि अड्किएका १० हजार २९८ व्यक्ति फर्किएका सरकारी अधिकारीहरूले मंगलबार जानकारी दिएका छन् ।

कामको शिलशिलामा छिमेकी देश पुगेका र हाल कोभिड-१९ को कारण स्वदेश फर्केका ती थाई नागरिकलाई १४ दिनको लागि क्वारेन्टाइनमा राखिएको हो । स्वदेश फर्किएका ती नागरिकहरूमा मलेसियाबाट ८ हजार ९१२, म्यानमारबाट ६९१, लाओसबाट ३९९ क्याम्बोडियाबाट २९६ जना रहेका छन् ।

गत महिनाको शुरुमा थाईल्याण्डको सीमा क्षेत्रमा नरहेका देशहरूबाट पनि ६ हजार ७०० थाई नागरिक स्वदेश फर्किएका छन् । यी सवैलाई पनि १४ दिनको क्वारेन्टाइनमा राखिएको थियो ।

थाइल्याण्डका कोरोना भाइरसको कारण ३ हजार १७ जनामा संक्रमित रहेका छन् । यस प्रकोपका कारण ५६ मृत्यु भएको छ भने २ हजार ७९८ निको भएर फर्किएका छन् ।

पत्रकारसँग भड्किए ट्रम्प

वासिंगटन डिसी, एजेन्सी– अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प फेरि पत्रकारसँग भड्किएका छन् । पत्रकारहरुसँग लगातार वादविवाद भएपछि पत्रकार सम्मेलन नै कटौति गरेका ट्रम्प सोमबारको पत्रकार सम्मेलनमा पनि भड्किए र प्रेस ब्रिफिङ नै छाडेर हिंडेका छन् ।

राष्ट्रपति कार्यालय ह्वाइट हाउसको रोज गार्डेनमा आयोजित पत्रकार सम्मेलनमा पत्रकारलाई ओठे जवाफ फर्काएका ट्रम्प दुई पत्रकारसँग दाहोरो विवादमै ओर्लिए । अमेरिकी टेलिभिजन नेटवर्क सिबिएस न्यूजकी पत्रकारले सोधेको प्रश्नको बटारिएको उत्तर दिएका ट्रम्पले सिएनएनकी पत्रकारसँग विवादमा उत्रिए र अन्त्यमा सम्मेलन नै छाडेर हिंडे । अप्रिल २७ पछि पत्रकार सामुन्ने आएका ट्रम्पलाई सिबिएस न्यूजकी पत्रकार वइजी जियाङ्गले हरेक दिन अमेरिकीले ज्यान गुमाएका छन् र संक्रमण पनि बढिरहेको छ तर तपाइँ धेरै परीक्षणको सन्दर्भ मात्र जोडिरहनु हुन्छ यसको के महत्व छ भन्ने प्रश्न गरेकी थिइन् ।

जवाफमा ट्रम्पले 'यो कुरा मलाई नसोध, चीनसँग सोध' भन्दै पन्छिन खोजे । विश्वभरी मानिस मरिरहेको जिकिर गर्दै ट्रम्पले जियाङ्गलाई भने, 'शायद यो प्रश्न मलाई होइन तिम्ले चीनसँग सोध्नु पर्छ । मलाई नसोध । चीनलाई सोध त्यो प्रश्न । यो प्रश्न चीनलाई सोधे शायद तिम्ले अति असामान्य जवाफ पाउने छौ ।'

यति भन्दै ट्रम्पले सिएनएनकी पत्रकार केटलन कोलिन्सलाई प्रश्नका लागि पालो दिए । तर जियाङ्गले तपाईं मलाई किन यस्तो भनिरहनु भएको भन्दै प्रतिप्रश्न गर्दा ट्रम्पले 'मैले तिम्लाई नै मात्र भनेको होइन त्यस्तो दुष्ट प्रश्न गर्ने सबैलाई भनेको हो ।'

पत्रकार जियाङले आफुल खराब वा दुष्ट मनसायले प्रश्न नसोधेको बताइन् । त्यही बेला पालो कुरेर बसिरहेकी सिएनएनकी पत्रकार कोलिन्सले प्रश्न गर्न खोज्दा ट्रम्पले तिम्ले आफ्नो समयमा प्रशन नसोधको भन्दै अर्के पत्रकारलाई प्रश्नका लागि आग्रह गरे ।

कोलिन्सले आफ्नो पालो रहेकाले प्रश्न गर्न पाउनुपर्ने बताएपछि ट्रम्पले भने पत्रकार सम्मेलन नै छोडेर हिंडेका थिए । ट्रम्पको बारम्बार पत्रकाहरुसँग विवाद गरिरहन्छन् ।

भारतमा कोरोना संक्रमितको संख्या ७१ हजार नाघ्यो

नयाँ दिल्ली, एजेन्सी-भारतमा कोरोना भाइरस (कोभिड-१९) को संक्रमितको संख्या मंगलबार बिहानसम्म ७० हजार नाघेको समाचारमा जनाइएको छ । यस संक्रमणबाट गएको २४ घन्टायता ८७ जनाको मृत्यु भएको बताइएको छ ।

मंगलबार जनाइएअनुसार यहाँ कोभिड १९ बाट संक्रमित हुने व्यक्तिको संख्या ७१ हजार ४४३ जना पुगेको छ । यहाँ गत २४ घण्टामा मात्र ३ हजार ७५९ जना कोरोना भाइरस संक्रमित थपिएका स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले जनाएको छ ।

भारतमा यस प्रकोपबाट. मृत्यु हुनेहरूको सख्या २ हजार ३१० जना पुगेको छ । यस संक्रमणबाट निको भएका विरामीको संख्या २३ हजार ४९ जना रहेको पनि सो मन्त्रालयले जानकारी दिएको छ ।

कोभिड-१९ बाट सबैभन्दा बढी महाराष्ट्रका नागरिक संक्रमित भएका छन् । यहाँमात्र २३ हजार ४०० नागरिक कोरोना भाइरस संक्रमित रहेका छन् । यस संक्रमणबाट महराष्ट्रमा ८६८ को मृत्यु भएको छ ।

महाराष्ट्रपछि गुजरात दोस्रो स्थानमा रहेको छ । त्यहाँ ८ हजार ५४१ जनामा कोरोना भाइरसको संक्रमण रहेका छन् । यहाँ यस संक्रमणबाट भने ५१३ जनाको मृत्यु भएको छ ।

त्यसैगरी तामिलनाडूमा यसबाट ८ हजार भन्दा बढी मानिस संक्रमित भएका छन् । यस संक्रमणबाट २ हजार भन्दा बढी निको भएका छन् भने यहाँका ५३ जनाको ज्यान गएको छ ।

दिल्लीमा कोरोना भाइरसको संक्रमणबाट ७ हजार ७३३ जना विरामी छन् । यहाँ ७३ जनाको ज्यान गएको सो मन्त्रालयले जनाएको छ । त्यसैगरी दिल्लका संक्रमितमध्ये २ हजार १७३ जना निको भएका बताइएको छ ।

कोराना भाइरसको (कोभिड-१९) को संक्रमण फैलिने क्रम नरोकिएपछि भारत सरकारले देशव्यापी लकडाउनलाई थप दुइ साताको लागि लम्बाएको छ । भारतले शुक्रबार मे ४ देखि लागू हुने गरी थप दुइ साताको लागि तेस्रो चरणको लकडाउन गर्ने निर्णय गरेको थियो ।

भारतमा पहिलो चरणको लकडाउन २४ मार्चमा लगाइएको थियो । दोस्रो लकडाउन १५ अप्रिलमा शुरु भएको थियो । दोस्रो लकडाउन मे ३ मा सकिदै थियो । कोरोना भाइरसको संक्रमण देशभरी बढ्दै गएपछि दोस्रो लकडाउन नसकिदै तेस्रो लकडाउन मे १७ सम्मको लागि घोषणा गरिएको थियो ।

उदयपुरगढी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय

उदयपुरगढी, उदयपुर
प्रदेश नं.१ , नेपाल

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रथम पटक प्रकाशित मितिः २०७७/०१/३१

यस कार्यालयकले आव्हान गरेको निर्माण कार्य सम्बन्धि ठेक्का नं. 07/EGP/NCB/URM/2076-077 र 08/URM/NCB/WORKS/2076-077 मिति १३/११/२०७६ र मिति ०७/१२/२०७६ गतेको राष्ट्रिय दैनिक पत्रिकामा (मध्यान्ह) र (हिमालय टाइम्स) छुट्टा छुट्टै प्रकाशित सूचना अनुसार दर्ता हुन आएका बोलपत्रहरु मुल्यांकन हुँदा निम्न बोलपत्रदाताको बोलपत्र न्युनतम मुल्यांकित सारभूत रुपमा प्रवाहग्राही भएकोले सार्बजनिक खरिद ऐन,२०६३ को दफा २७ को उपदफा २ बमोजिम र सोहीदफाको उपदफा ३ को प्रयोजनार्थ बोलपत्र स्वीकृतको लागि छनौट गर्ने आशयको ७ दिने सूचना सम्बन्धित सबैको जानकारीको लागि प्रकाशित गरिएको छ ।

तपशिल

सि.नं.	ठेक्का नं.	कामको विवरण	बोलपत्रदाताको नाम	कबोल अंक (मु.अ. कर बाहेक)
1	07/EGP/NCB/URM/2076/77	Flood, Erosion Protection works in Tawa, Baijnath & Pauwa Khola	Sangharsh Nirman Sewa	57,45,627.5
2	08/URM/NCB/WORKS/2076-077	Construction Ward Level Health Care Center	Galan Infratech Surveying And Engineering Construction	21,28,220.42

प्रमुख प्रशासकिय अधिकृत

ऊर्जा क्षेत्रमा ठोस् कार्ययोजना बनाउँदै छौं: ऊर्जा मन्त्री पुन

मध्यान्ह संवाददाता
काठमाडौं, ३० बैशाख

सरकारले कोरोनाले ऊर्जा क्षेत्रलगायत समग्र रुपमा परेको क्षतिको ठोस मूल्यांकन गरेर राहतको प्याकेज ल्याउने स्पष्ट पारेको छ। निर्माणाधिन आयोजनामा झण्डै रु दुई खर्ब बराबरको लगानी रहेको र झण्डै रु छ खर्ब बराबरको प्रतिवद्धता प्राप्त भएको भन्दै उक्त क्षेत्रलाई जोगाउन प्याकेज ल्याउने उर्जामन्त्री बर्षमान पुनले बताएका हुन।

नेपाल आर्थिक पत्रकार समाज (सेजन)ले मंगलबार आयोजना गरेको भिडियो कन्फेरेन्समार्फत कोरोना महामारीले ऊर्जा क्षेत्रमा पारेको प्रभाव र आगामी कदमबारेको अन्तरक्रियामा ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री वर्षमान पुनले उक्त कुराको जानकारी दिएका हुन।

उनले भने " मन्त्रालयका तर्फबाट दिन सकिने राहतका बारेमा आफै निर्णय गर्ने र समस्याको समाधान गरिनेछ। मन्त्रालयबाट हुन नसक्ने विषयमा मन्त्रिपरिषद र अर्थ मन्त्रलायसँग समवय गरेर समस्याको समाधान गरिनेछ। नीतिगत रुपमा नै सुधार गर्नुपर्ने भएपनि त्यसलाई क्रमशः प्रक्रियामा लगिनेछ।"

ऊर्जा क्षेत्रमा परेको क्षति कसरी कम गर्न सकिन्छ भनेर प्रयास गरिरहेको उनको भनाइ छ। सरकारले विद्युत् सेवालाई अत्यावश्यक सेवामा राखेका कारण लकडाउनको समयमा पनि केही आयोजनामा निरन्तर काम भइरहेको उनको प्रष्टोत्तिः छ। ऊर्जा मन्त्रालयले गृह मन्त्रालयसँग समन्वय गरेर विद्युत् क्षेत्रमा भइरहेको निर्माणको कामलाई अत्यावश्यक रुपमा अगाडि बढाएको र केही आयोजना एकाध दिन बाहेक काम नरोकिएको जानकारी पनि दिए। सरकारको प्रयासका कारण माथिल्लो तामाकोशीलगायतका आयोजना सानो स्तरमा भएपनि निर्माणमा रहेको र अन्य निजी क्षेत्रका आयोजनामा समेत काम भइरहेको उनको भनाइ छ।

समस्या सहजीकरणमा मन्त्रालय सक्रिय

ऊर्जा मन्त्री पुनले लकडाउनका कारण परेको समस्या सहजीकरणका लागि मन्त्रालयको सम्पूर्ण पदाधिकरी नै परिचालित भएको बताए। गृह प्रशासनले सहजीकरण गरेपनि केही स्थानीय निकायले नमानेका कारण केही दिन जटिलता पैदा भएपछि सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारीलाई आफैले सम्पर्कगरी सहजीकरणका लागि निर्देशन दिएको मन्त्री पुनले उल्लेख गरे।

घर बेटीलाई मात्रै होइन डेरामा बस्नेलाई पनि छुट

कोरोनाका कारण समस्यामा परेका नागरिकलाई राहत दिने लक्ष्यका साथ सरकारले विद्युत् महसुलमा दिएको २५ प्रतिशत छुट घरधनी र डेरामा बस्ने दुवैलाई भएको मन्त्री पुनले दोहोऱ्याए।

उनले नेपाल विद्युत् प्राधिकरण मार्फत विद्युत् लिएर थप महसुल लिने विषय गैरकानूनी भएको उनको भनाइ छ। सरकारले दिएको छुट तथा राहत सबैले पाउनुपर्छ भन्नेमा मन्त्रालय स्पष्ट रहेको मन्त्री पुनको भनाइ छ। उनले लकडाउन खुलेपछि दीर्घकालीन रुपमा नै घर भाडामा बस्ने नागरिकलाई कसरी छुट दिन सकिन्छ भन्ने बारेमा नधीतिगत व्यवस्था गरिने तथा अुगमनको संयन्त्रलाई थप प्रभावकारी बनाइने स्पष्ट पारे।

सरकारले विद्युतीय सवारी साधनको विस्तार तथा विद्युतीय चुल्होको प्रयोगमा थप प्रोत्साहन गरेको जानकारी दिए। विद्युत् खपत बढाउने र आन्तरिक रुपमा विद्युत्को बजार विस्तार गर्ने लक्ष्यलाई केन्द्रमा राखेर ती काम गरिएको उनको भनाइ छ। सरकारले विद्युतीय सवारीका लागि चार्जिङ स्टेशन निर्माणको प्रक्रिया शुरु गरेको र त्यसमा निजी क्षेत्र समेत सहभागी हुन पाउने नीतिगत प्रबन्ध गरिएको उल्लेख गरे।

जेठ पहिलो सातासम्म विद्युत् महसुल तिर्दा कुनै पनि जरिवाना नलाग्ने गरी सरकारले निर्णय गरेको जानकारी दिँदै उनले प्राधिकरणको आर्थिक स्वास्थ्यलाई समेत ख्याल गरेर उपभोक्ताले विद्युतीय माध्यमबाट पनि महसुल तिर्न सक्ने व्यवस्था गरिएको बताए।

ऊर्जा क्षेत्रका एक लाख मजदुर बेरोजगार

लकडाउनका कारण निर्माणाधिन जलविद्युत् आयोजना पूर्ण रुपमा काम नहुँदा झण्डै एक लाख मजदुर प्रभावित भएका छन्। स्वतन्त्र ऊर्जा उत्पादकहरुको संस्था नेपाल (इपान)का अध्यक्ष शैलेन्द्र गुरागाईले झण्डै एक लाख मजदुर काम बिहिन भएको जानकारी दिए।

घर जान नसकेका तथा विदेशी कामदार भने आयोजना स्थलमा रहेको उहाँको भनाइ छ। लकडाउन खोलेपछि घर जान तयार भएर बसेका कामदारलाई प्रोत्साहन गरेर भएपनि काममा लगाउनुपर्ने उनको भनाइ छ।

सरकारी तथा निजी क्षेत्रले निर्माण गरिरहेका आयोजनामा साझा समस्या रहेको भन्दै अध्यक्ष गुरागाईले लकडाउनका कारण समस्या परेका आयोजनालाई व्याज छुट तथा अन्य नीतिगत रुपमा सम्बोधन गरी सहजीकरण गरिदिन मन्त्रालयको ध्यानकर्षण गराए। यस्तै सर्वेक्षणको प्रतिवेदन बुझाउन म्याद सकिएका तथा अन्य समस्या एवम् जटिलता परेका आयोजनाका हकमा विशेष व्यवस्था गर्न उनले मन्त्रालले विशेष पहल गर्नुपर्ने बताए।

अध्यक्ष गुरागाईको आग्रहलाई सम्बोधन गर्दै मन्त्री पुनले मन्त्रालयका तर्फबाट उपलब्ध गराउने सबै प्रकारको राहत तथा विशेष व्यवस्था गर्ने प्रतिवद्धता जनाए। मन्त्री पुनले लकडाउनका कारण झण्डै १० लाख श्रमिक बेरोजगार भएको, विदेशबाट झण्डै १० लाख श्रमिक फर्कन तयार रहेको तथा अन्य विभिन्न क्षेत्रका गरी तत्कालका लागि कूल २१ लाख बेरोजगारलाई काम दिने गरी सरकारले अधिकत्तम प्रयास गर्ने बताए। कृषि मन्त्रालयसँग जोडेर कृषि उद्यम तथा कृषिमा आत्मनिर्भर बनाउने गरी काम गरिने मन्त्री पुनको भनाइ छ। कृषिमा आत्मनिर्भर बनाउने, तथा रोजगारीको अभिवृद्धिका लागि ऊर्जा र कृषि मन्त्रलायले एक विशेष योजना बनाएर काम गरिने जानकारी दिए।

एक प्रदेश एक परियोजना

आगामी आर्थिक वर्षमा सरकारले एक प्रदेश एक ठूला परियोजनाको अवधारणाका साथ काम गर्ने भएको छ। भौगोलिक तथा क्षेत्रीय सन्तुलनलाई ध्यानमा राखेर एक प्रदेश एक योजनाको अवधारणा अगाडि सारिएको मन्त्री पुनले जानकारी दिए।

उनका अनुसार सोही योजना अनुसार आगामी आवमा दुधकोशी, तामाकोशी पाँचौ आयोजना अगाडि बढाउने लक्ष्य राखिएको छ। यस्तै राष्ट्रिय गौरवको आयोजनाको रुपमा रहेको १२०० मेगावाट क्षमताको बुढीगण्डकी जलविद्युत् आयोजनालाई समेत निर्माणमा लैजाने सरकारले तयारी गरेको छ। यस्तै भेरी बबई डाइभसर्न आयोजनाको विद्युत् गृह निर्माणलाई समेत प्रभावकारी रुपमा अगाडि बढाउन लागेको सरकारले जगदुल्ला, फुकोटलगायतका चार आयोजना पनि शुरु गर्ने भएको छ।

त्यस्तै लगानी बोर्डले संयोजन गरिरहेको पश्चिम सेती र एसआर सिक्सलाई जोडेर एक हजार २०० मेगावाट क्षमताको आयोजना समेत निर्माणमा लैजाने तयारी थालेको छ। मन्त्रालयले चैनपुर सेतीको समेत अध्ययन सम्पन्न भएको सन्दर्भमा सो आयोजनाको समेत निर्माण शुरु गर्ने लक्ष्य राखेको छ।

इपानका अध्यक्ष गुरागाईले सरकारले ऊर्जा क्षेत्रमा नीतिगत एवम् कानूनी प्रबन्धमा कुनै कमजोरी नभएपनि कार्यान्वयन पाटोमा समस्या रहेको गुनासो गरे। उनले सरकारले २०६७ सालमा सार्वजनिक गरेको ९९ बुँदे कार्ययोजना र दुई वर्ष पहिले सार्वजनिक भएको श्वेतपत्रलाई पूर्ण रुपमा कार्यान्वयन गरिए कुनै समस्या नआउने स्पष्ट पारे। उनले राजनीतिक नेतृत्वले गरेको निर्णयलाई कार्यान्वयन गर्न कर्मचारी प्रशासन तयार नभएकाकारण थप जटिलता पैदा भएको भन्दै तत्काल समस्या समाधान गर्न आग्रह गरे। उनले भने " ऊर्जा क्षेत्रमा नीति, कानुनमा कुनै समस्या छैन तर कार्यान्वयनको नै हो। कर्मचारी प्रशासनलाई कार्यान्वयनका लागि प्रभावकारी व्यवस्था गर्न लगाउनु पर्छ।" कोरोनाका कारण समस्यामा परेको ऊर्जा क्षेत्रलाई राहत दिने गरी नीति तथा कार्यक्रम र बजेटको व्यवस्था गर्न आग्रह गरे।

आन्तरिक विद्युत् खपत बढाउने तयारी

मन्त्री पुनले काठमाडौं उपत्यकामा विद्युत् खपत बढाउनका लागि १३२ केभी क्षमताको थप प्रसारण प्रणाली बनाउने र अन्य भौतिक संरचनाको क्षमता अभिवृद्धिका लागि आगामी आवको बजेट मार्फत काम गरिने जानकारी दिए। उनले लकडाउनका कारण उद्योग धन्दा बन्द हुँदा विद्युत् खेर जाने अवस्था आएको भन्दै त्यसलाई समेत व्यवस्थापन गर्ने प्रयास भइरहेको बताए। बर्षा लाग्न थालेका कारण नदीमा जल सतह बढ्ने भएकाले थप विद्युत् उत्पादन हुने भएकाले त्यसलाई समेत खपत गर्ने तर्फ सरकार योजनावद्ध प्रयासमा लागेको उनको भनाइ छ।

प्रसारण प्रणालीको सुधार तथा निर्माण गर्न सकिएको खण्डमा होङसी सिमेन्टलाई ६० मेगावाट र कोहलपुरमा स्थापना हुने एक स्टिल उद्योगका लागि ३० मेगावाट विद्युत् दिन सकिने अवस्था छ। यस्तै औद्योगिक करिडोरमा मात्रै ४५० मेगावाट जतिको विद्युत् माग भएपनि प्रसारण प्रणाली तथा अन्य भौतिक पूर्वाधारको अभावमा पूर्ण क्षमतामा विद्युत् दिन नसकिएको जानकारी दिँदै मन्त्री पुनले त्यसको समेत व्यवस्थापन गर्ने तयारीमा सरकार रहेको बताए। नयाँ विद्युत् ऐन मार्फत ऊर्जा क्षेत्रमा थप व्यवसायिक र प्रतिस्पर्धी बनाउने प्रयास थालिएको मन्त्री पुनको भनाइ छ। यस्तै सरकारले घोषणा गरे अनुसार नै भारतसँग विद्युत् व्यापारका लागि सार्थक पहल भइरहेको र निकट भविस्यमा नै सार्थक परिणाम हासिल हुने उनको भनाइ छ।

आन्तरिक पर्यटन प्रवर्द्धनका लागि बुद्धको 'होलिडे प्याकेज'

काठमाडौं/मस– निजी क्षेत्रको अग्रणी वायु सेवा प्रदायक कम्पनी बुद्ध एयरले कोभिड-१९ पछिको पर्यटन क्षेत्रलाई चलायमान बनाउन पर्यटकीय आकर्षक प्याकेज सार्वजनिक गरेको छ। सरकारले कोभिड-१९ को महामारीका कारण थलिएको नेपालको पर्यटन क्षेत्रलाई पुनरुत्थानका लागि बिदा पर्यटनको अवधारणा अघि सारेको सन्दर्भमा बुद्धले पहिलो चरणमा काठमाडौं, पोखरा र चितवनका पर्यटकीय गन्तव्यलाई आकर्षित गराउने योजना ल्याएको हो।

बुद्ध एयरको भगिनी संस्था 'बुद्ध होलिडेज' मार्फत पोखरा, घान्द्रुक, धम्पुस र चितवनका केही होटलमार्फत साझेदारीमा पर्यटन प्रवर्द्धन गरिने कम्पनी मंगलबार पत्रकार सम्मेलन गरी जानकारी दिएको छ।

पर्यटन उद्योगलाई पुनरुत्थान गर्न सरकारले आगामी आर्थिक वर्षमा बिधा पर्यटनको अवधारणा ल्याएको छ। आव २०७७/०७८ को बजेट र नीति तथा कार्यक्रममै उक्त प्याकेज समेट्ने तयारी गरिएको छ। संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री योगेशकुमार भट्टराईले हालै मन्त्रालयमा आयोजित पत्रकार सम्मेलनमा बिदा पर्यटनको अवधारणालाई बजेटमै समावेश गरिने बताए। आन्तरिक पर्यटनलाई टेवा पुऱ्याउन सरकारी कर्मचारीलाई विभिन्न चरणमा एक महिनासम्म बिदा दिने कार्यक्रम समावेश गरिनेछ। यसबाट वार्षिक २० लाख आन्तरिक पर्यटक गन्तव्य भ्रमणमा निस्कने पर्यटनमन्त्रीको भनाइ थियो।

बिदा पर्यटनको सरकारी योजनालाई बुद्धको होलिडे प्याकेज सान्दर्भिक हुनसक्ने कम्पनीले उल्लेख गरेको छ। कम्पनीका प्रबन्ध निर्देशक वीरेन्द्रबहादुर बस्नेतले सरकारले अघिसारेको बिदा पर्यटनलाई केही हदसम्म भए पनि सहयोग पुग्ने विश्वास व्यक्त गरे। उनले प्रतिरक्षा प्रणाली अपनाएर कोभिडप्रति सुरक्षा सतर्कता अपनाउँदै आन्तरिक पर्यटन प्रवर्द्धमा उत्साहवर्द्धक ढङ्गले लाग्ने बताए।

बुद्धले सङ्क्रमणरहित र सुरक्षित होलिडे प्याकेज सञ्चालनका लागि साङ्गठनिक लिखित निर्देशिका तयार गरिसकेको छ। उडान र होलिडे प्याकेज सरकारको उडान सञ्चालन गर्न दिने निर्णयअनुसार आगामी जुन १ तारिखबाट बजार व्यवस्थापन गरी सञ्चालन गर्ने बुद्ध एयरले जनाएको छ।

बुद्धको होलिडे प्याकेजअन्तर्गत पोखराको दुई दिन पर्यटकीय प्याकेज होटल र उडानसहित रु पाँच हजार ९९९ तिर्नुपर्ने हुन्छ। त्यस्तै चितवनको दुई दिन पर्यटकीय प्याकेज होटल र उडानसहित रु १३ हजार ९९९ रहेको छ। यो सेवामा विमानस्थलदेखि होटल र विमानस्थलसम्म सवारी साधनको व्यवस्था हुनेछ।

प्रबन्ध निर्देशक बस्नेतले विदेशी पर्यटकलाई विश्वास दिलाउन पनि आन्तरिक पर्यटकीय गन्तव्य सुरक्षित रहेको सन्देश प्रवाह गर्न युद्धस्तरमा मुख्य पर्यटकीय गन्तव्यमा पर्यटकीय गतिविधि बढाउन जरुरी भएको बताए। उनले भने, "आगामी अक्टोबर महिनादेखि आन्तरिक पर्यटनमा चहलपहल बाक्लिन्छ भन्ने हाम्रो विश्वास छ, त्यसैले कोभिडपछिको पर्यटन प्रवर्द्धनका लागि उत्साहित भएर लाग्ने निर्णयका साथ बजारीकरणलाई तीव्रता दिन्छौं।"

बुद्धले कोभिड-१९ को महामारीसँग कर्मचारी र यात्रुलाई सुरक्षित राख्ने हिसाबले सुरक्षा निर्देशिका जारी गरिसकेको छ। सामान्य अवस्थामा पोखरा र चितवनमा ३० प्रतिशत काठमाडौंका आन्तरिक पर्यटकले ओगट्ने गरेको व्यावसायिक आँकडा रहेको बुद्धले जनाएको छ। कम्पनीले निकट भविष्यमै चीन र भारतीय पर्यटकलाई यस्तै उदाहरण देखाइ ठूलो सङ्ख्यामा भित्र्याउन सक्ने विश्वास लिएको छ। यी दुई मुलुकबाट वर्षेनी १४ करोडभन्दा बढी पर्यटक विदेश घुम्न जाने गरेको बताइन्छ।

एकजना पनि कर्मचारी कटौती गर्दैनौं

बुद्धले कोभिड-१९ को प्रभावले आफ्ना कर्मचारीलाई तलब सुविधामा कुनै समस्या नपर्ने र कुनै पनि कर्मचारीको कटौती नगर्ने जनाएको छ। कम्पनीका प्रबन्ध निर्देशक बस्नेतले आफ्नो २३ वर्षे उडान यात्रामा भविष्यको सम्भावित जोखिमलाई ध्यान दिएर कम्पनीले सोहीअनुरुपको रणनीतिअन्तर्गत आर्थिक व्यवस्थापन गरेकाले अझै ६ महिनासम्म कर्मचारीलाई तलब खुवाउन कुनै समस्या नहुने बताए।

"हामी (बुद्ध एयर) एक कर्मचारी पनि कटौती गर्दैनौं, आगामी अक्कोबर महिनादेखि पर्यटनलयमा फर्किन्छ भन्ने हाम्रो विश्वास छ, अहिले कम्पनीलाई टिकाइराख्न हामीलाई समस्या छैन त्यसैले यो चुनौतीलाई अवसरका रूपमा परिणत गर्न चाहन्छौं", उनले भने।

नेप्सेले लगायो सर्किट ब्रेक, परिसूचक २५.३० अङ्कले घट्यो

काठमाडौं/मस– झण्डै डेढ महिनापछि खुलेको धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक मंगलबार दुई प्रतिशतभन्दा बढीले घटेर बन्द भएको छ। नियामक निकाय धितोपत्र बोर्ड कारोबार समयमा नेप्सेमा दुई प्रतिशतभन्दा घटबढ हुनेबित्तिकै कारोबार रोक्न नेपाल स्टक एक्चेन्जलाई निर्देशन दिएको थियो।

सोही आधारमा नेप्सेले सर्किट ब्रेक लगाइ मंगलबारको कारोबार बन्द गरेको हो। बजार खुलेदेखिनै निरन्तर ओरालो लाग्दै आएको नेप्से करिब एक घन्टा २४ मिनेटको अवधिमा बन्द भएको हो। यद्यपि बोर्डले कारोबार अवधि दुई घन्टासम्म सीमित गरेको थियो। कारोबार मापक नेप्से परिसूचक २.०२ प्रतिशत अर्थात् २५.३० अङ्कले घटेर एक हजार २२६.१५ रोकिएको छ। यस्तै सेन्सेटिभ परिसूचक ५.३९ अङ्कले घटेर २६५.६७ पुगेको छ।

कारोबार भएका कुल ११ उपसमूहको शेयर ओरालो लागेका छ। बैंकिङ २६.११, होटल ३.३८, विकास बैंक १५.३६, जलविद्युत् १५.३५, वित्त ३.२७, निर्जीवन बीमा ७२.३३, उत्पादन ३४.३६, अन्य १९.४२, माइक्रोफाइनान्स १८.०५, जीवन बीमा १५७.७८ र सामूहिक लागनी कोषको शेयर ०.०१ अङ्कले घट्यो।

स्टकका अनुसार मंगलबार कुल ८७ कम्पनीको एक लाख छ हजार ३१२ कित्ता शेयर रु १० करोड ४३ लाख ७२ हजार ६४६ मा खरिदबिक्री भयो। कारोबार रकमका आधारमा नागरिक लगानी कोषको शेयर शीर्ष स्थानमा रह्यो। सो कम्पनीको शेयर रु आठ करोड ८८ लाख ५७ हजार ५९० मा खरिदबिक्री भयो।

यसैगरी छिमेकी लघुवित्त विकास बैंकको शेयर रु ४६ लाख ९८ हजार ५४०, ग्लोबल आइएमई बैंकको संस्थापक शेयर रु ३८ लाख ५९ हजार ५४८, नविल बैंक लिमिटेडको रु १५ लाख ७४ हजार ६००, ज्योति विकास बैंकको संस्थापक शेयर रु नौ लाख चार हजार र नेपाल लाइफ इन्स्योरेन्सको रु तीन लाख ५० हजार ३२० मा खरिदबिक्री भयो।

सबैभन्दा बढी जनउत्थान सामुदायिक लघुवित्त विकास बैंकका लगानीकर्ताले २२.३८ प्रतिशतले गुमाए। हिमालय बैंक ३, नविल बैंक र नागरिक लगानी कोष २.९९, कृषि विकास बैंक र कालिका माइक्रोक्रेडिट डेभलपमेन्टको २.९८ तथा गुराँस लाइफ इन्स्योरेन्स कम्पनी र स्वरोजगार लघुवित्त विकास बैंकका लगानीकर्ताले समान २.९७ प्रतिशतले गुमाए।

बजार अनुगमन तीव्रता : दुई पसलमा सिलबन्दी

म्याग्दी/मस– बजार अनुगमन टोलीले बेनीबजारमा दर्ताको उद्देश्य विपरीत सञ्चालित दुईवटा पसलमा सिलबन्दी गरी बन्द गराएको छ। घरेलु तथा साना उद्योग कार्यालयका अनुसार न्यूरोडको करुणा खाद्यान्न र क्याम्पसचोकको झिङ्खानी मासु पसल बन्द गराइएको हो।

अनुगमनका क्रममा सो खाद्यान्न पसलका सञ्चालकले खाद्यान्न सामग्रीको उद्देश्य राखेर दर्ता गरेको पसलमा पूजा र शृङ्गारका सामग्री बिक्री गरेको र मासु पसलका सञ्चालकले मासु पसल भनेर दर्ता गरेकामा एकै ठाउँमा खाद्यान्न सामग्री पनि बिक्री गरेको पाइएको कार्यालयका प्रमुख मोहन सुवेदीले जानकारी दिए।

ती पसलका सञ्चालकलाई उद्देश्यअनुसार सञ्चालन गर्न अथवा उद्देश्य थप र मापदण्ड पूरा गर्न निर्देशन दिइएको छ। निर्देशन पालना गरेपछि मात्र पसल खुलाउन पाउने भएका छन्। हुलाकचोकबाट क्याम्पसचोकसम्मका खाद्यान्न पसलको अनुगमन गरिएको थियो। जिल्ला प्रशासन, प्रहरी, बेनी नगरपालिका, खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय, म्याग्दी उद्योग वाणिज्य सङ्घका प्रतिनिधिको बजार अनुगमनमा सहभागिता रहेको थियो।

अनुगमनका क्रममा म्याद नाघेका खाद्यवस्तु बरामद गरेर नष्ट समेत गरिएको छ। यसअघि नमूनाको रूपमा थोरै सङ्ख्यामा पसलहरूको अनुगमन हुने गरेको थियो। सोमबार भने सबै पसलहरूको क्रमशः अनुगमन गरिएको थियो। कोरोना भाइरस रोकथामका लागि गरिएको लकडाउनको समयमा कृत्रिम अभाव, मूल्यवृद्धि र कालोबजारी हुनसक्ने भएकाले स्थानीय प्रशासन र सम्बद्ध कार्यालयले बजार अनुगमनलाई तीव्रता दिएका छन्।

www.madhyanhadaily.com
मध्यान्ह दैनिकको
facebook Page
Madhyanha News

के तपाईको कम्प्युटर, प्रिन्टर, फोटोकपी आदी बिग्रीएकोछ ?
यदी छ भने हामीलाई सम्झनुहोस् ।
हाम्रासेवा तथा सुबिधाहरु
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदी खरीद, बिक्रि तथा मर्मत,
- टोनर कार्टेज रिफिल,
- CCTV, EPABX बिक्रि तथा मर्मत,
- अफिसका लागि चाहिने फर्निचरसहित सम्पूर्ण सामानहरु,
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदीको बार्षिक सर्भिस ।
डि. आर. ट्रेडिङ्ग कन्सर्न
मो.: ९८४१६५७९४, ९८०८४७५००२, ९८१३२५४२७५

दिवा सेवा तथा रात्री सेवा
माउण्ट मकालु यातायातको काउन्टर
नयाँ बसपार्कमा पनि खुलेको
यात्रुहरुलाई जानकारी गराईन्छ ।
सम्पर्क : कलंकी : फोन : ४२८१९७२
प्रेम रतन डिलक्स काठमाडौं-गौर, सम्पर्क : ९८५१०६३०४२ (प्रेम)
ग्यालक्सि डिलक्स : लालवन्दी-मलंगवा
९८१३६६६७०० रामहरी

अब जनता बोल्छन्, जनतापाटी सँगै...
जनतापाटी
www.janatapati.com
Janatapatinews YouTube Janatapati Janatapati

प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: बागबजार, काठमाडौं, फोन: ४२२६३६६, ४२२८२९८ ई-मेल: madhyanhadaily59@yahoo.com, madhyanhadaily59@gmail.com, मुद्रक: एक्सप्रेस कलर प्रेस, सम्पादक: **मदनकुमार श्रेष्ठ**